मिति:२०८२/०२/२३ कार्यपालिका बैठक सङ्ख्या-१८

गाउँ कार्यपालिकाको कार्यालय
बलेफी गाउँपालिका
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आज मिति २०८२ साल जेठ २३ गते शुक्रबारको दिन बलेफी गाउँ कार्यपालिकाका अध्यक्ष श्री गङ्गा बहादुर तामाङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थितिः-**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गङ्गा बहादुर तामाङ | अध्यक्ष | |
| २.. | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री छविलाल न्यौपाने | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री रितेश तामाङ | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री सुर्जे तामाङ | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री यादव ठकुरी | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री तेज बहादुर पराजुली | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री गृबिन्द्र कुमार चौंलागाई | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री रमेश कुमार श्रेष्ठ | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२. | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३. | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४. | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५. | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६. | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७. | श्री लोकेन्द्र बहादुर राई | सचिव | |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

मितिः२०८२/०२/२३ कार्यपालिका बैठक सङ्ख्या-१८

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**प्रस्तावहरुः-**

१. आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रमको छलफल गर्ने सम्बन्धमा।
२. डेरी प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।
३. उपाध्यक्ष फलफूल कार्यक्रम सम्बन्धमा।
४. प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।
५. विद्यालय बस सञ्चालन निर्देशिका, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।
६. पाडापाडी वितरण गर्ने सम्बन्धमा।
७. "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धमा।
८. बालमैत्री वडा घोषणा गर्ने सम्बन्धमा ।
९. विविध ।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरूः-**

१. प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा यस बलेफी गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम तर्जुमाको लागि सबै विषयगत शाखाहरु, पालिकास्तरीय योजना र वडा कार्यालयहरुले देहाय बमोजिम मिति २०८२/०३/०६ गतेभित्र अनिवार्य रुपमा बजेट तर्जुमा समितिमा योजना तथा कार्यक्रम पेश भनी निर्णय गरियो ।

| क्र.सं. | क्षेत्र/ कार्यालय | बजेट रकम सिमा | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन, योजना तथा अनुगमन शाखा | ५,००,००० | |
| २ | योजना उपशाखा | १,००,००० | |
| ३ | राजस्व उपशाखा | २,००,००० | |
| ४ | आर्थिक विकास उपशाखा | ५,००,००० | |
| ५ | पंजिकरण उपशाखा | १,००,००० | |
| ६ | महिला बालबालिका तथा समाज कल्याण उपशाखा | १५,००,००० | |
| ७ | पूर्वाधार विकास शाखा | २,००,००० | |
| ८ | सूचना प्रविधि शाखा | २,००,००० | |
| ९ | कृषि विकास शाखा | ५,००,००० | |
| १० | पशु सेवा शाखा | ५,००,००० | |
| ११ | नागरिक आरोग्य केन्द्र | ५,००,००० | |
| १२ | स्वास्थ्य शाखा | १०,००,००० | |
| १३ | शिक्षा शाखा | १०,००,००० | |
| १४ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५,००,००० | |
| १५ | लघु उद्यम विकास कार्यक्रम | ५,००,००० | |

| | | | |
|---|---|---|---|
| १६ | न्यायिक समिति | १०,००,००० | |
| १७. | प्रत्येक वडा कार्यालय ५० लाख | ४००००००० | |
| १८. | गाउँपालिकास्तरीय योजना तथा कार्यक्रम | ३००००००० | |

२. प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा यस बलेफी गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम रहेको डेरी प्रवर्द्धन कार्यक्रम बलेफी गाउँपालिकाका किसानहरुलाई रु. ५ (पाँच) रुपैया प्रति लिटर दुधमा अनुदान वडा नं.२ का दुग्ध डेरीमार्फत दिने भनी निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा यस बलेफी गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम रहेको उपाध्यक्ष फलफूल वितरण कार्यक्रम सञ्चालन गर्ने किसान, कृषक, कृषि फर्महरुबाट माग आवेदन पेश गर्ने सूचना जारी गरिएकोमा फलफूलको विरुवा माग हुन आएकाले फलफूलको विरुवाहरु माग गर्ने कृषक तथा कृषि फर्महरुलाई ७५% अनुदान तथा लागत साझेदारीमा विभिन्न फलफूल बिरुवा वितरण दिने भनी निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा यस बलेफी गाउँपालिकाको प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड, २०८१ स्वीकृत गर्ने भनी निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा यस बलेफी गाउँपालिकाको विद्यालय बस सञ्चालन निर्देशिका, २०८२ स्वीकृत गर्ने भनी निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा यस बलेफी गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम रहेको पाडापाडी वितरण कार्यक्रम बलेफी गाउँपालिकाको वडा नं. ४ र वडा नं. १ का दलित तथा विपन्न परिवारलाई ७५% अनुदानमा वितरण गर्ने भनी निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा श्री श्रेष्ठ कन्स्ट्रक्सनले नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोकबाट लिएकोमा सो नगरपालिकाबाट यस गाउँपालिकामा ठाउँसारी पाउँ भनी निवेदन पेश गरेकोमा सो व्यवसायीलाई यस गाउँपालिकामा ठाउँसारी गरी “घ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने भनी निर्णय गरियो ।

८. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिका वडा नं. ५ लाई बालमैत्री घोषणाको लागि बालमैत्री सम्बन्धमा अनुगमन गर्नको लागि जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने भनी निर्णय गरियो।

९. विविध सम्बन्धमा छलफल गर्दा अन्य विषय नभएकोले अध्यक्षज्यूबाट बैठक समापन गरियो।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत